# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, पुस २० गते, २०६३ साल (अतिरिक्तांक ५३ (ख


## भाग ३

### संसद सचिवालयको
### सूचना

संसद सचिवालय आर्थिक व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०६३

संसद सचिवालय आर्थिक व्यवस्थापन नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ८९ ले दिएको अधिकार प्रयोग गरी सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "संसद सचिवालय आर्थिक व्यवस्थापन (पहिलो संशोधन) नियमावली २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. संसद सचिवालय आर्थिक व्यवस्थापन नियमावली, २०५९ को नियम २ मा संशोधन : संसद सचिवालय आर्थिक व्यवस्थापन नियमावली, २०५९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "अधिकार प्राप्त अधिकारी" भन्नाले यस नियमावली बमोजिम निकासा दिने अधिकार पाएको विभागिय प्रमुखलाई सम्झनु पर्छ ।"

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च)"सचिव" भन्नाले प्रतिनिधि सभाको सचिव, राष्ट्रिय सभाको सचिव र विशेष सचिवलाई सम्झनु पर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको परिच्छेद ८ को शीर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद ८ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छ :-

"दैनिक भत्ता तथा भ्रमण खर्च सम्बन्धी व्यवस्था"

४. मूल नियमावलीको नियम ७० मा संशोधन : मूल नियमावलीको नियम ७० को सट्टा देहायको नियम ७० राखिएको छ :

"७०. भ्रमण खर्च पाउने : (१) सरकारी कामको सिलसिलामा नेपाल राज्यभित्रको भ्रमण गर्नु पर्दा भ्रमणको लागि टिकट लिनु पर्ने भएमा टिकटलाई लागेको खर्च भुक्तानी दिइनेछ । श्रेणी तोकिने भ्रमण साधनबाट भ्रमण गर्नु पर्दा भने देहाय अनुसारको भ्रमण खर्च दिइनेछ :-

(क) प्रथम र द्वितीय तहका कर्मचारी वा सो सरहका व्यक्तिलाई भ्रमणको साधन उपलब्ध भएसम्म प्रथम श्रेणीको भ्रमण साधनको खर्च ।

(ख) तृतीय र चतुर्थ तहका कर्मचारी वा सो सरहका व्यक्तिलाई भ्रमणको साधन उपलब्ध भएसम्म द्वितीय श्रेणीको भ्रमण साधनको खर्च ।

(२) भ्रमणको साधन नभई पैदल भ्रमण गर्नु पर्दा अनुसूची-१ मा व्यवस्था भए अनुसारको भ्रमण भत्ता दिइनेछ ।

(३) कुनै कर्मचारीले कुनै भ्रमणको साधनको टिकट लिई सकेपछि भ्रमणमा खटाउने अधिकारीको आदेशबाट उक्त टिकट फिर्ता गर्नु पर्ने भएमा निजले त्यसरी टिकट फिर्ता गरेबापत लाग्ने महसूल सचिवालयबाट पाउनेछ। टिकट फिर्ता गर्नु पर्ने वा हवाई उडानको मिति परिवर्तन भई सो दिन उडान नभई घर फर्कनु पर्ने स्थिति भएमा सम्बन्धित निकायबाट प्रमाणित गराई त्यस्तो कर्मचारीले ट्याक्सी, रिक्सा, बस भाडा रकम भुक्तानी सचिवालयबाट लिन पाउनेछ ।

(४) हवाई यातायातको सुविधा भएको स्थानमा यस नियमावली बमोजिम राजपत्रांकित कर्मचारीले सार्वजनिक यातायात (बस, मिनिबस) का साधनबाट भ्रमण गरेमा त्यस्तो साधनको भाडा दरको दोब्बर रकम पाउनेछ ।"

५. मूल नियमावलीको नियम ७१ मा संशोधन : मूल नियमावलीको नियम ७१ को सट्टा देहायको नियम ७१ राखिएको छ :-

"७१. दैनिक भत्ता र होटलबास खर्च पाउने : (१) रात बिताउनु पर्ने गरी काठमाडौं उपत्यकाबाहिर कुनै ठाउँमा भ्रमण वा काजमा खटिएका कर्मचारीले अनुसूची-२ मा व्यवस्था भए बमोजिमको दैनिक भत्ताको अतिरिक्त अनुसूची- २क. मा उल्लिखित रकममा नबढाइ बिल बमोजिमको होटलबास खर्च पाउनेछ ।

(२) भ्रमण वा काजमा खटिएका कर्मचारीलाई उपनियम (१) बमोजिमको दैनिक भत्तामा अनुसूची-३ मा उल्लेख भए बमोजिमको थप प्रतिशत समेत दिइनेछ ।

(३) भ्रमण वा काजमा खटिएका कर्मचारीले भ्रमण वा काजबाट फर्केको दिनको आधा दैनिक भत्ता पाउनेछ ।



८९२८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) काठमाडौं उपत्यका बाहिर बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटिई जाने कर्मचारीले यस नियमावली बमोजिम भ्रमण भत्ता र सो दिनको आधा दैनिक भत्ता पाउनेछ ।

(५) कर्मचारीले आफ्नो परिवारको स्थायी बसोबास भएको गाउँ विकास समिति वा नगरपालिका क्षेत्रमा भ्रमण गर्दा भने यो नियम बमोजम दैनिक भत्ता पाउने छैन ।"

६. मूल नियमावलीको नियम ७६ मा संशोधन : मूल नियमावलीको नियम ७६ को सट्टा देहायको नियम ७६ राखिएको छ :-

"७६. विदेशमा जाँदाको भ्रमण खर्च : सरकारी कामको सिलसिलामा कुनै कर्मचारी विमानद्वारा विदेशमा यात्रा गर्नु पर्दा इकोनोमी क्लासको भ्रमण खर्च पाउनेछ ।"

७. मूल नियमावलीको नियम ७७ मा संशोधन : मूल नियमावलीको नियम ७७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कुनै कर्मचारीलाई अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा, बैठक, तालीम, अध्ययन भ्रमण र अन्य कुनै सरकारी कामको सिलसिलामा अनुसूची-४ मा उल्लिखित मुलूकहरुको भ्रमणमा जाँदा अनुसूची-५ मा व्यवस्था भए बमोजिमको दरले दैनिक भत्ता दिइनेछ ।

तर होटलको बिल पेश गरेको खण्डमा बास खर्च बापत बिल बमोजिमको रकम र सो मुलूकको लागि तोकिएको दैनिक भत्ता दरको चालीस प्रतिशत मात्र दैनिक भत्ता दिइनेछ ।"

(२) उपनियम (१०) को सट्टा देहायको उपनियम (१०) राखिएको छ:-

"(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-६ मा उल्लेख भएका स्थानहरुमा भ्रमण गर्दा नियम ७१ को उपनियम (१) मा उल्लेख भए अनुसारको दैनिक भत्ता दिइनेछ । होटल खर्चको हकमा यसै नियमको उपनियम (१) को सीमाभित्र रही दिइनेछ ।"

८. मूल नियमावलीको नियम ८० मा संशोधन : मूल नियमावलीको नियम ८० को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, बैठक, निमन्त्रणा, प्रतिनिधिमण्डल, तालीम, अध्ययन, उत्सव मेला आदिमा भाग लिन खटिई जाने प्रथम र द्वितीय तहका कर्मचारीलाई सात हजार रुपैयाँ र तृतीय र चतुर्थ तहका कर्मचारीलाई पाँच हजार पाँच सय रुपैयाँ लुगा भत्ताबापत दिइनेछ ।

तर साधारणतया जाने कार्यक्रम निश्चित नभई कुनै पनि कर्मचारीलाई लुगा भत्ता दिइनेछैन ।"

९. मूल नियमावलीको नियम ९३ मा संशोधन : मूल नियमावलीको नियम ९३ को सट्टा देहायको नियम ९३ राखिएको छ :-

"९३. बैठक भत्ता : सचिवालयद्वारा गठित समिति, उपसमिति तथा कार्यदलहरुको बैठक कार्यालय समयभित्र हुन नसकी कार्यालय समय अघि वा पछि गर्नुपरेमा त्यस्तो बैठकमा उपस्थित हुने सदस्यहरुलाई अर्थ मन्त्रालयले स्वीकृत गरेको नर्म्स बमोजिमको बैठक भत्ता दिइनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल नियमावलीको नियम ९५ मा संशोधन : मूल नियमावलीको नियम ९५ को सट्टा देहायको नियम ९५ राखिएको छ :-

"९५. अन्य कुरामा प्रचलित कानून बमोजिम हुने : यस नियमावलीमा लेखिए जति कुरामा यसै नियमावली बमोजिम र यस नियमावलीमा नलेखिएका कुराको हकमा प्रचलित आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ मा लेखिए बमोजिम र यस नियमावली अनुसार कर्मचारीले पाउने विभिन्न आर्थिक सुविधाहरु आर्थिक प्रशासन नियमावली, २०५६ ले व्यवस्था गरे भन्दा कम हुने भएमा सोही नियमावली बमोजिम हुनेछ ।"

११. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको,-

(१) अनुसूची-२ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-२ राखिएको छ ।
(२) अनुसूची-२ पछि यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-२क. थपिएको छ ।
(३) अनुसूची-४ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-४ राखिएको छ ।
(४) अनुसूची-७ का खारेज गरिएको छ ।



मुद्रण विभाग, सिंहदरबार
५५२८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२क.

(नियम ७१ को उपनियम (१) संग सम्बन्धित)

| क्र.सं. | तह | न.पा. जिल्ला सदरमुकाम | अन्य क्षेत्रमा |
|---|---|---|---|
| (क) | प्रथम तह | रु.३५०।- | रु.१७५।- |
| (ख) | द्वितीय तह | रु.२५०।- | रु.१२५।- |
| (ग) | तृतीय तह | रु.१५०।- | रु.७५।- |
| (घ) | चतुर्थ तह | रु.८०।- | रु.४०।- |

मुद्रण विभाग, सिंहदरबार



3526 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४
(नियम ७७ को उपनियम (१) संग सम्बन्धित)

दैनिक भत्ताको प्रयोजनको लागि मुलुकहरुको वर्गीकरण

(क) वर्गका मुलुकहरु

यूरोप, उत्तर अमेरिका, दक्षिण अमेरिका, क्यारेबियन क्षेत्र, अफ्रिका, पश्चिम एसिया तथा मध्यपूर्व र "ख" वर्गमा उल्लिखित मुलुकहरु बाहेकका एसिया तथा प्रशान्त क्षेत्रका मुलुकहरु ।

(ख) वर्गका मुलुकहरु

सार्क क्षेत्रका मुलुकहरु ।

**आज्ञाले,**
**सूर्यकिरण गुरुङ**
**संसदको महासचिव**

१८८



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।–
प्रा.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

२६२८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।